सर्वोच्च अदालतबाट
प्रतिलिपि

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा
माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल

## आदेश

रिट नं. ०७६-WH-०३८०

विषयः- बन्दीप्रत्यक्षीकरण समेत।

जिल्ला रुकुम पश्चिम, चौरजहारी नगरपालिका वडा नं.८ सोती बस्ने बर्ष १७ की परिवर्तित नाम ५४ रुकुम पश्चिम (३६) को हकमा राष्ट्रव्यापी बाल उद्धार तथा कल्याण संस्था नेपाल (Children Rescue and Welfare Organization Nationwide-Nepal) CROWN-NEPAL का तर्फबाट भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं.२ दुवाकोट बस्ने संस्थापक अध्यक्ष बर्ष ३० की अधिवक्ता/मनोबिद लक्ष्मी (नानी) थापा --------------१ निवेदक

विरुद्ध

रुकुम जिल्ला अदालत, रुकुम पश्चिम ----------------------------------१
बाल इजलास, रुकुम जिल्ला अदालत, रुकुम पश्चिम ---------------------१ विपक्षी
प्रहरी कार्यालय, रुकुम पश्चिम ------------------------------------------१

नेपालको संविधानको धारा ४६ तथा १३३(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र भित्र रहेको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यस प्रकार रहेको छः-

### तथ्य खण्ड

१. नेपालको प्रचलित कानुन अनुसार १८ वर्षभन्दा कम उमेरकालाई बालवालिका मानेको छ भने मुलुकी अपराध संहिता, २०७४ र बालबालिका सम्बन्धी ऐन, २०७५ मा १८ वर्षमुनिका बालबालिकालाई अनुसन्धानका क्रममा पनि बयस्कलाई झैं हिरासत कक्षमा राख्न

मिल्दैन, छुट्टै निगरानी कक्ष वा बाल सुधार गृहमा राख्नु पर्ने वा नजिकको संरक्षकको जिम्मा लाउनु पर्नेमा बन्दीलाई हिरासत कक्षमै राखिएको छ। निज बालिकालाई पक्राउ गरेको २४ घण्टाभित्र बयान लिएर बाल सुधार गृहमा लैजानुपर्नेमा २०७७।२।१२ गते नियन्त्रणमा लिइएकी यी बालिकाको बयान भने ऐ २५ र २६ गते मात्र लिइएको भन्ने जानकारीमा आएको छ। कोरोना भाइरसको प्रभावबाट पर्न गएको बर्तमानको असहज परिस्थितिमा बाँच्न पाउने अधिकारलाई सर्वोपरी रुपमा मानी सम्मानित अदालतको मिति२०७६।१२।०७गतेको बैठकबाट बाल सुधार गृहका नाबालकहरुलाई खोजेकाबखत उपस्थित गराउने गरी अभिभावकले निवेदन गरेमा आवश्यक निकासा दिने गरी रिहाइका लागि गरिएको निर्णयहरुबाट न्यायालय संविधानको रक्षक रहेको कुरा मात्र स्थापित गरेको नभई राज्यको अभिभावकत्वको सिद्धान्तलाई पनि सुनिश्चित गरेको छ। सम्मानित अदालतको पूर्ण बैठकको निर्णय बमोजिम विभिन्न बाल सुधार गृहहरुमा रहेका नाबालकहरुलाईसमेत अभिभावकको जिम्मामा छोडिएको अवस्था छ तर निजलाई नजिकको संरक्षकको जिम्मामा नछाडिनु भनेको संविधान प्रदत्त मौलिक हक अन्तर्गतको समानता र बालबालिकाको हकको विपरित कार्य हो। यसरी एकातर्फ संवैधानिक सर्वोच्चता तथा विधिको शासन रहेको मुलुकमा विपक्षीले गैरकानूनी थुनामा राखेको देखिन्छ भने अर्कोतर्फ त्यसो गर्दा निज बालिकाको मनोसामाजिक स्वास्थ्य अवस्थामा आघात पुग्ने र निज बालिकाको तस्वीर, नाम सार्वजनिक हुँदा भोलि समाजमा पुनस्थापित हुनसमेत कठिन हुने र भविष्य अन्यौलतातर्फ धकेलिने निश्चित जस्तो नै छ। उपरोक्त आधार र कारणबाट परिवर्तित नाम ५४ रुकुम पश्चिम (३६) लाई अभिभावकको जिम्मा नलगाई थुनामा नै राख्नेगरी भएको आदेश कानून विपरीत तथा कानूनको समान संरक्षण विपरीतको गैरकानूनी रहेको र त्यसबाट निजको नेपालको संविधानको धारा १६, १७(१), १८, २०(९), २२(१), २८, ३५, ३९(२) र (८), ४३ समेतका अधिकारहरुमा हनन् हुन गएको छ। नेपालको संविधानको धारा ३९(९) ले जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गर्नुको साथै बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६(१) ले बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिइनु पर्ने कुरा सुनिश्चित गरेको, उपदफा (२) ले जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुने र ऐ दफा २(ज), २१(७), ६६(ज) तथा ७२(३)(घ) को

व्यवस्थासमेतको विपरीत हुने गरी भएको कार्य बालबालिका विरुद्धको कसूर हुन गएको देखिएको छ। ऐ दफा २१(७) बमोजिम नियन्त्रणमा लिएको बालबालिकालाई बाल अदालतको अनुमतिले एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काईस दिन सम्म निगरानी कक्षमा राख्न सकिने व्यवस्थाको विपरीत एकै चोटिमा दश-दश दिनको दरले म्याद थपिएको बुझिन आएको छ। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३४ अनुसार प्रस्तुत निवेदनमा सुनवाई गरी ऐ को नियम ३७ तथा नेपालको संविधानको धारा १३३(२) बमोजिम निज परिवर्तित नाम लाई तत्काल बन्दीप्रत्यक्षीकरणको आदेशसहित जो चाहिने अन्य उपयुक्त आज्ञा आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी निजको कुण्ठित मौलिक हक प्रचलन गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७७।२।३०मा दर्ता भएको निवेदनपत्र।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक छिटो साधनद्वारा तीन दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नू भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७७।२।३२ गते भएको आदेश।

३. जिल्ला जाजरकोट भेरी नगरपालिका वडा नं.४ बस्ने मुनलाल नेपालीसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी डम्बरबहादुर मल्लसमेत भएको ज्यान सम्बन्धि कसूर मुद्दाको अनुसन्धानको सिलसिलामा प्रतिवादी परिवर्तित ५४ रुकुम पश्चिम(३६) लाई मिति २०७७।२।१२ गते पक्राउ गरी रुकुम जिल्ला अदालत, रुकुम पश्चिमबाट सोही मितिदेखि लागू हुने गरी पहिलो पटक र मिति २०७७।२।२२ गतेदेखि लागू हुने गरी दोस्रो पटक म्याद थप गरी बाल मैत्री निगरानी कक्षमा राखिएको हो। कर्णाली प्रदेश र रुकुम पश्चिम जिल्लामासमेत बाल सुधार गृह नभएको र आफन्तको जिम्मा छोड्नलाई COVID १९ कोरोना संक्रमण हुनसक्ने सम्भावनालाई दृष्टिगत गर्दै निज बालिकाको सुरक्षाका साथै अनुसन्धानमा पर्ने प्रभावसमेतलाई विचार गरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २२ को उपदफा २ बमोजिम निजलाई बाल मैत्री निगरानी कक्षमा राखी अनुसन्धान भएको हो। परिवर्तित ५४ रुकुम पश्चिम (३६) लाई बाल मैत्री निगरानी

कक्षमा राख्न भनी जिल्ला सरकारी वकील कार्यालय, रुकुम पश्चिम बाटसमेत भएको मौखिक निर्देशन, बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्थासमेतको पालना गरी निज बालिकालाई बाल मैत्री निगरानी कक्षमा राखी अनुसन्धान भएको छ। निज बन्दीलाई अभियोगसाथ रुकुम जिल्ला अदालतमा उपस्थित गराइएकोमा उक्त अदालतको मिति २०७७।१।१को आदेशानुसार मुद्दा पुर्पक्षको लागि बाल सुधार गृहमा पठाउने भनी भएको आदेशानुसार निजलाई मिति २०७७।१।२ गते बाल सुधार गृह, भक्तपुरमा पठाइएको छ। अतः झुठ्ठा बेहोरा उल्लेख गरी दायर गरेको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रहरी कार्यालय, रुकुम पश्चिमको यस अदालतमा मिति २०७७।३।१०मा पेश भएको लिखित जवाफ।

४. प्रतिवादी परिवर्तित नाम ५४ रुकुम पश्चिम ३९समेतका हकमा यस अदालतबाट मिति, २०७७।३।१ गते कसूरजन्य कार्यको आरोप लागेका प्रतिवादीहरु परिवर्तित नाम ५४ रुकुम पश्चिम ३६ र परिवर्तित नाम ५४ रुकुम पश्चिम ३९समेतका उपरको किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, बरामदी मुचुल्का, मृतकहरुको लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरुको यस अदालत तथा अधिकारप्राप्त अनुसन्धान अधिकारी समक्ष गरेको बयान, कल डीटेल बिवरण, मौकामा कागज गर्ने प्रत्यक्षदर्शी घाईते सुदिप खड्कासमेतका व्यक्तिहरूको भनाई लगायतका तत्काल प्राप्त प्रमाणहरुबाट पछि ठहरे बमोजिम हुने नै हुँदा हाल यी कसूरजन्य कार्यको आरोप लागेका प्रतिवादीहरु परिवर्तित नाम ५४ रुकुम पश्चिम ३६ र परिवर्तित नाम ५४ रुकुम पश्चिम ३९ ले अभियोग दाबी अनुसारको कसूर नगरेको हो भन्ने नदेखिएको अवस्था हुँदा र यी प्रतिवादीहरु नाबालक रहेको भन्नेसमेत देखिएकोले नाबालकको सर्वोत्तम हितलाईसमेत ध्यानमा राखी प्रस्तुत मुद्दाको वस्तुस्थिति, परिस्थिति, अपराधको प्रकृति, प्रतिवादीहरुको व्यक्तिगत परिस्थितिसमेतलाई हेर्दा यी प्रतिवादीहरुलाई मुद्दा पुर्पक्षका लागि सुधारगृहमा राख्नुपर्ने अवस्था देखिएको हुँदा तत्काल मुद्दा पुर्पक्षका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २४(२) बमोजिम बाल सुधार गृहसँग समन्वय गरी पठाईदिनु भनी जिल्ला प्रहरी कार्यालय, रुकुम पश्चिममा लेखी पठाईदिनु भन्ने आदेशसमेत भैसकेको अवस्थामा निवेदकको माग बमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होईन। प्रस्तुत रिट निवेदन खारेज गरीपाउँ भन्नेसमेत बेहोराको रुकुम जिल्ला अदालत तथा बाल इजलासको यस अदालतमा मिति २०७७।३।१६ मा पेश भएको लिखित जवाफ।

## आदेश खण्ड

५. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका निवेदिका अधिवक्ता श्री लक्ष्मी (नानी) थापा तथा विद्वान अधिवक्ताहरु श्री कमल कोइराला र श्री सागर भण्डारीले बालबालिका सम्बन्धी ऐन, २०७५को दफा २१(७)मा नियन्त्रणमा लिइएको बालबालिकालाई एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काईस दिनसम्म निगरानी कक्षमा राख्न सकिने व्यवस्था भएकोमा अदालतले दुई पटक १० दिन राख्न पाउने गरी गरेको आदेश गैरकानूनी छ। बाल अदालत वा बाल इजलासले म्याद थप गर्नु पर्नेमा न्यायाधीश एक्लैले म्याद थप गरेको कानूनतः मिलेको छैन। म्याद थप माग गर्दा र म्याद थप गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ उल्लेख गर्नु पर्नेमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा१४(६) बमोजिम गरेको मिलेको छैन। यी बन्दीलाई बाल सुधार गृह वा निगरानी कक्षमा राख्नु पर्ने वा संरक्षकको जिम्मा लगाउनु पर्नेमा अन्य साबालक व्यक्तिलाई जस्तो गरी प्रहरी हिरासतमा राख्न मिल्दैन। बालबालिकाको हकमा विशेष ऐनको व्यवस्था लागू हुने हो। कानूनले दिएको सुविधा उपभोग गर्न पाउने बालबालिकाको अधिकार हो। विशेष ऐनको व्यवस्था विपरीत थुनामा राखिएको हुनाले गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

६. विपक्षीका तर्फबाट उपस्थित हुनुभएका विद्वान सह न्यायाधिवक्ता श्री हरिप्रसाद जोशी र विद्वान उप- न्यायाधिवक्ता श्री विदुरकुमार कार्कीले जिल्ला अदालतले गरेको आदेश उपर चित्त नबुझे सो आदेश बदरका लागि साधारण अधिकारक्षेत्र अन्तर्गत उच्च अदालतमा निवेदन लिएर जानु पर्नेमा असाधारण अधिकारक्षेत्र ग्रहण गरी यस अदालत समक्ष बन्दीप्रत्यक्षीकरणको निवेदन दिएको अवस्था छ। साधारण अधिकारक्षेत्र अन्तर्गत उपचारको व्यवस्था हुँदाहुँदै असाधारण अधिकार क्षेत्र ग्रहण गर्न मिल्दैन। यी बन्दीका हकमा अदालतमा अभियोग दर्ता भै पुर्पक्षका लागि बाल सुधार गृहमा पठाउने आदेश भैसकेको र हाल यी बन्दी बाल सुधार गृहमा नै रहेको अवस्था हुँदा निवेदन माग दाबी बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु पर्ने होइन, प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

७. यी बन्दीलाई आरोप लगाइएको ज्यान मुद्दामा विशेष ऐन अर्थात बालबालिका सम्बन्धी ऐनमा भएको व्यवस्था र प्रक्रिया अनुसार थुनामा नराखी गैरकानूनी थुनामा राखेको देखिएकोले

बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने निवेदन माग दाबी तथा उक्त ऐनको व्यवस्था बमोजिम नै बाल मैत्री निगरानी कक्षमा राखी अनुसन्धान भएको र अदालतको आदेशानुसार मुद्दा पुर्पक्षको लागि हाल निजलाई बाल सुधार गृह, भक्तपुरमा पठाइएको भन्ने विपक्षीहरुको लिखित जवाफ देखिन्छ। उक्त ज्यान मुद्दाको अभियोग पत्र शुरु अदालतमा पेश हुनु अगावै प्रस्तुत रिट निवेदन यस अदालतमा दर्ता भएको अवस्था देखिन्छ। कानूनमा व्यवस्था गरिएको विधि र प्रक्रिया नपुर्‍याई गैरकानूनीरुपमा यी बन्दीलाई हिरासतमा राखिएको छ भन्ने निवेदकको मुख्य जिकीर रहेको देखिन्छ।

८. उपर्युक्त निवेदन माग दाबी, लिखित जवाफ तथा बहस बुँदा रहेको प्रस्तुत रिट निवेदनमा निम्न प्रश्नहरुको सम्बन्धमा न्याय निरोपण गर्नु पर्ने देखियो।

क. यी बन्दीलाई अनुसन्धानको क्रममा हिरासतमा राखिएको कार्य कानूनसम्मत हो, होइन?

ख. बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी यी बन्दीलाई थुनामुक्त गर्नु पर्ने हो, होइन?

९. निर्णय तर्फ सर्वप्रथम यी बन्दीलाई अनुसन्धानको क्रममा हिरासतमा राखिएको कार्य कानूनसम्मत हो, होइन? भन्ने पहिलो प्रश्नका सम्बन्धमा बिचार गर्दा, जिल्ला प्रहरी कार्यालय, मुसिकोट, रुकुम पश्चिमले मिति २०७७।२।१३मा यी ज्यान मुद्दाको आरोप लगाइएका यी बन्दीसमेतलाई प्रहरी हिरासतमा राख्नको लागि मिति २०७७।२।१२ गतेदेखि लागू हुने गरी पहिलो पटक दिन १०को म्याद थपको अनुमति पाउँ भनी जिल्ला सरकारी वकील कार्यालय, रुकुम पश्चिमलाई पत्र लेखेको र सो कार्यालयले सोही बमोजिम १२ जनाको म्याद थप गरी दिनुहुन भनी सोही मितिमा रुकुम जिल्ला अदालतमा अनुरोध गरेको देखिन्छ। त्यसैगरी प्रहरी कार्यालयले दोस्रो पटक मिति २०७७।२।२२ मा सोही मितिदेखि लागू हुने गरी सोही संहिताबमोजिम यी बन्दी, पहिलो पत्रमा उल्लिखित प्रतिवादी तथा अन्य प्रतिवादीहरुसमेत थप गरी जम्मा १८ जनालाई हिरासतमा राख्नको लागि सरकारी वकील कार्यालयमा पत्र लेखेको र सो कार्यालयले पनि सोहीबमोजिम म्याद थप गरी दिनुहुन भनी जिल्ला अदालतमा पत्राचार गरेको देखिन्छ। उक्त दुवै पत्रहरुमा नाबालक तथा साबालक सबै प्रतिवादीहरुलाई एकमुष्टरुपमा सामान्य कानून अर्थात मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ बमोजिम म्याद थपको अनुमति माग गरेको देखिन्छ। जिल्ला अदालतले समेत सोही मागबमोजिम म्याद थपको अनुमति दिएको भन्ने निवेदन बेहोरा रहेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ३० को उपदफा (६)मा *"कुनै कसूरजन्य*

*कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ र उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानून बमोजिम मुद्दाको कारवाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ"* भनी उल्लेख भएको देखिन्छ। यहाँ प्रहरी कार्यालय र सरकारी वकील कार्यालयले म्याद थप माग गर्दा उमेर पुगेका व्यक्तिहरुको हकमा छुट्टै मिसिल खडा नगरी बालबालिकासमेत एउटै मिसिलबाट एकमुष्ट म्याद थप माग गरेको र अदालतले पनि सोही बमोजिम म्याद थपको अनुमति दिएको देखियो।

१०. बालबालिका सम्बन्धी ऐन, २०७५को दफा २१(७)मा कसूरजन्य कार्यको आरोप लागी नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धानको लागि निगरानी कक्षमा राख्न अदालतले अनुमति दिंदा एक पटकमा ५ दिनमा नबढ्ने गरी अनुमति दिनु पर्ने व्यवस्था देखिन्छ। मुलुकी अपराध संहिता, २०७४को दफा ५मा *"कुनै खास कामलाई कुनै विशेष ऐनद्वारा छुट्टै कसूर मानी सजाय गर्ने व्यवस्था भएको रहेछ भने त्यस्तो कसूरका सम्बन्धमा सोही ऐन लागू हुनेछ"* भनी र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४को दफा ३ मा *"कुनै कसूरको अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने अधिकारक्षेत्र, सुनुवाइ, फैसला कार्यान्वयन वा अन्य कुनै कारबाहीका सम्बन्धमा छुट्टै ऐनमा व्यवस्था गरिएको रहेछ भने त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले असर पार्ने छैन। छुट्टै ऐनमा व्यवस्था नभएको कार्यविधिको विषयमा यस संहिताको व्यवस्था लागू हुनेछ"* भनी उल्लेख भएको देखिन्छ। उक्त व्यवस्था अनुसार बालबालिकाको सम्बन्धमा विशेष ऐन अर्थात बालबालिका सम्बन्धी ऐन, २०७५ लागू हुन्छ। यी बन्दी नाबालक भएकोमा विवाद छैन। यिनको हकमा विशेष ऐन अर्थात् बालबालिका सम्बन्धी ऐनमा उल्लेख भएका व्यवस्थाहरु लागू हुने हुन्छ। विशेष ऐनमा उल्लेख नभएका व्यवस्थाका हकमा मात्र सामान्य ऐन अर्थात संहितामा उल्लेख भएका व्यवस्था आकर्षित हुने हो। बालबालिका सम्बन्धी ऐन, २०७५को दफा २१(७)मा *"नियन्त्रणमा लिइएको बालबालिकालाई बाल अदालतको अनुमतिले एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काईस दिनसम्म निगरानी कक्षमा राख्न सकिनेछ"* भन्ने उल्लेख छ। उक्त व्यवस्था अनुसार बालबालिकालाई म्याद थप गर्दा एक पटकमा पाँच दिनभन्दा बढीको अनुमति दिन मिल्ने देखिंदैन। प्रस्तुत बन्दीका सम्बन्धमा प्रहरी कार्यालय र सरकारी वकील कार्यालयले विशेष ऐन बमोजिम म्याद थपको लागि अदालतमा अनुमति माग गरेको नभै सामान्य कानून अर्थात मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम अनुमति माग गरेको र अदालतले पनि

सोही बमोजिम म्याद थपको अनुमति दिएको देखियो। बालबालिकाको हकमा म्याद थपको अनुमति माग सम्बन्धी व्यवस्था अत्यन्त संवेदनशील र गम्भीर विषय हो। बालबालिकालाई नियन्त्रणमा लिएपछि निजहरुको तत्काल बयान गराएर मात्र अनुसन्धानको कार्य अगाडि बढाउनु पर्ने हुन्छ। बालबालिका सम्बन्धी ऐन, २०७५का व्यवस्थाहरु बालबालिकाको सर्वोपरी हितसँग सम्बन्धित हुँदा अनुसन्धान गर्ने पक्षले, म्याद थपको अनुमति माग गर्ने अभियोजन पक्षले र अदालतले समेत ध्यान पुऱ्याउनु आवश्यक हुन्छ।

११. बालबालिका सम्बन्धी ऐन, २०७५को दफा २१(७)मा नियन्त्रणमा लिइएको बालबालिकालाई एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काईस दिनसम्म निगरानी कक्षमा राख्न सकिने व्यवस्था उल्लेख भएको देखिन्छ। यी बन्दीलाई निगरानी कक्ष वा बाल सुधार गृहमा राख्नु पर्ने या संरक्षकको जिम्मा लगाउनु पर्नेमा सो नगरी अन्य साबालक व्यक्तिहरुलाई राखे जसरी प्रहरी हिरासतमा राख्न मिल्दैन भन्ने निवेदन दाबीका सम्बन्धमा बिचार गर्दा, यी बन्दी बालिकालाई बाल मैत्री निगरानी कक्षमा राखेर अनुसन्धान गरेको भनी जिल्ला प्रहरी कार्यालयको लिखित जवाफमा उल्लेख गरेको देखिएको र निवेदकले यी बन्दीलाई प्रहरीले निगरानी कक्षमा राखेको छैन भन्ने कुरा वस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिंदा निजको उक्त जिकीरसँग सहमत हुन सकिएन।

१२. अब बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी यी बन्दीलाई थुनामुक्त गर्नु पर्ने हो, होइन? भन्ने दोस्रो तथा अन्तिम प्रश्नका सम्बन्धमा बिचार गर्दा, विपक्षीहरुको लिखित जवाफ तथा मिसिल संलग्न प्रमाण कागजातहरुबाट यी बन्दीसमेतका हकमा रुकुम जिल्ला अदालतमा अभियोग पत्र दर्ता भई मिति २०७७।३।१मा थुनछेक आदेश भएको देखिन्छ। उक्त थुनछेक आदेशमा बालबालिका सम्बन्धी ऐन, २०७५को दफा २४ बमोजिम यी बन्दीलाई पुर्पक्षको लागि बाल सुधार गृहमा पठाउने भनी उल्लेख गरेको देखिन्छ। उक्त आदेशानुसार यी बन्दीलाई जिल्ला प्रहरी कार्यालयको च.नं. १६१४ मिति २०७७।३।२को पत्रानुसार केन्द्रीय बाल सुधार गृह, सानोठिमी, भक्तपुर पठाइएको र उक्त सुधार गृहले यी बन्दी बालिकालाई मिति २०७७।३।३मा बुझेको देखिन्छ। प्रस्तुत रिट निवेदन दर्ता भए पश्चातको परिवर्तित सन्दर्भमा अदालतको उपरोक्त आदेशबमोजिमको कार्य विशेष ऐन अर्थात बालबालिका सम्बन्धी ऐन, २०७५ अनुरुप तथा बालबालिकाको सर्वोपरी हितमा हुने गरी भएको छैन भन्न सकिने तथ्ययुक्त आधार हाल देखिएको छैन।

१३. माथि उल्लेख भएबमोजिम प्रस्तुत रिट निवेदन म्याद थप र हिरासतमा राखेको सम्बन्धमा

अर्थात अभियोग पत्र दर्ता नभएको अवस्थामा यस अदालतमा परेको देखिन्छ। हालको स्थितिमा यी बन्दीका सम्बन्धमा रुकुम जिल्ला अदालतमा अभियोग पत्र दर्ता भै उक्त अदालतको थुनछेक आदेशानुसार निजलाई बाल सुधार गृहमा राखिएको छ। अदालतको थुनछेक आदेशानुसार बाल सुधार गृहमा राखिएको कार्य कानून प्रतिकूलको देखिंदैन। म्याद थपको क्रममा भएको आदेश र निगरानी कक्षमा राखिएको विषयलाई चुनौति दिई पर्न आएको प्रस्तुत रिट निवेदनबाट अभियोग पत्र दर्ता भैसकेपछि भएको आदेशानुसार बाल सुधार गृहमा राखेको कार्यका सम्बन्धमा चित्त नबुझे सो आदेश बदरका लागि साधारण अधिकार क्षेत्र अन्तर्गत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४को दफा ७३ बमोजिम सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्ने विकल्प यी निवेदक बन्दीमा भएकै देखिंदा आजको परिवेशमा असाधारण अधिकारक्षेत्र ग्रहण गरी प्रस्तुत रिट निवेदनबाट बोल्नु पर्ने अपरिहार्य स्थिति हाल देखिएको छैन।

१४. बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ३०को उपदफा (१)मा *"बालबालिकाले गरेको कसूरजन्य कार्यको शुरु कारबाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्नेछ"* भनी र ऐ उपदफा (३)मा *"बाल अदालत गठन नभएसम्मको लागि बाल अदालतबाट हेरिने कसूरजन्य कार्यको कारबाही, सुनुवाइ र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिनेछ"* भनी उल्लेख भएको देखिन्छ। उक्त कानूनी व्यवस्था अनुसार हालसम्म बाल अदालत गठन नभएको हुनाले सो अदालतबाट हेरिने बालबालिका सम्बन्धी कसूरजन्य कार्यको कारबाही, सुनुवाइ र किनारा जिल्ला अदालतका न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा बाल विशेषज्ञ रहेको बाल इजलासले गर्नु पर्ने अवस्था छ। अर्को तर्फ बाल न्याय कार्यविधि नियमावली, २०६३को दफा ११ मा *"बाल अदालत वा बाल इजलासमा सुनुवाई गर्दा न्यायाधीश, समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिकले सामूहिक रुपमा गर्नेछन् तर बाल इजलासमा समाजसेवी, बाल विशेषज्ञ वा बाल मनोवैज्ञानिक सबै वा कोही उपस्थित नभएमा पनि न्यायाधीशले सम्पादन गरेको काम कारबाही अमान्य हुने छैन"* भनी उल्लेख गरेको देखिन्छ। उक्त कानूनी व्यवस्था हाल विद्यमान रहिरहेको हुँदा जिल्ला अदालतका न्यायाधीश एक्लैले म्याद थप गर्न नपाउने भन्ने निवेदक तर्फका कानून व्यवसायीहरुले गर्नुभएको बहस जिकीरसँग सहमत हुन सकिएन।

१५. अतः बालबालिका सम्बन्धी ऐन, २०७५को दफा २१(७) बमोजिम यी बन्दीलाई २१ दिन

सम्म अदालतको अनुमति लिई निगरानी कक्षमा राख्न सकिने व्यवस्था भएकोमा सोही अवधिभित्र अदालतमा अभियोग पत्र पेश भएको र हाल यी बन्दी म्याद थपको क्रममा भएको अनुमतिको आदेशबमोजिम बाल सुधार गृहमा रहेको नभई थुनछेक आदेशबमोजिम थुनामा रहेको अवस्था भएको हुँदा परिवर्तित अवस्थामा निवेदन माग दावी बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी यी बन्दीलाई थुनामुक्त गर्न मिल्ने देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

१६. प्रस्तुत निवेदन खारेज भए पनि बालबालिका संलग्न रहेको प्रस्तुत मुद्दामा थुनामा राख्ने म्याद बारे यस इजलासको ध्यानाकर्षण भएको छ। यहाँ म्याद थपको अनुमति माग गर्ने अनुसन्धानमा संलग्न प्रहरी कार्यालय एवम् सरकारी वकील कार्यालयलेसमेत विशेष ऐनमा भएको प्रावधान अवलम्बन गर्नु पर्ने हुन्छ। अदालतलेसमेत म्याद थपको अनुमति दिंदा कानून अनुकूलको माग छ, छैन? रीत बेरीत के छ? सो तर्फ ध्यान दिनु जरुरी हुन्छ। व्यक्तिको वैयक्तिक स्वतन्त्रता सम्बन्धी विषय र विशेष ऐनको विद्यमानता हुँदाहुँदै पनि थुनामा राख्न म्याद थप माग गर्दा र अनुमति दिंदा उक्त तीनवटै निकायले तत् सम्बन्धी कानूनी व्यवस्था अनुकूलको कार्यविधिगत प्रक्रिया अवलम्बन गरेको देखिएन। अतः निम्न बमोजिमको निर्देशनात्मक आदेश समेत जारी हुने ठहर्छ।

<u>निर्देशनात्मक आदेश</u>

१. अब उप्रान्त कसूरजन्य कार्यको आरोप लगाई नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धानको लागि निगरानी कक्षमा राख्न अदालतको अनुमति माग गर्दा अनिवार्य रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५को दफा २१(७) बमोजिम एक पटकमा पाँच दिनमा नबढ्ने गरी बढीमा एक्काईस दिन सम्मको मात्र म्याद थपको माग गर्न, निजहरुको तत्काल बयान गराउन र सोही कसूरमा अन्य उमेर पुगेका व्यक्ति भए निजहरुको छुट्टै मिसिल खडा गर्न आवश्यक व्यवस्था मिलाउन भनी सबै जिल्ला सरकारी वकील कार्यालय तथा प्रहरी कार्यालयहरुलाई सूचित गर्न महान्यायाधिवक्ताको कार्यालयलाई तथा म्याद थप गर्दा सोही कानूनी व्यवस्था अनुरुपको समयावधी बिचार गरी अपरिहार्यताको स्थितिमा मात्र म्याद थप गर्नू भनी सबै जिल्ला अदालतहरुलाई समेत जानकारी दिनू।

२. कसूरजन्य कार्यको सिलसिलामा बालबालिकालाई नियन्त्रणमा लिंदा निजहरुको सुरक्षा लगायत सर्वोत्तम हितलाई बिचार गरी निजका परिवारको सदस्य, संरक्षक वा

नजिकको नातेदारलाई जिम्मा लगाउन उपयुक्त नभएको अपरिहार्य स्थितिमा मात्र त्यस्ता बालबालिकालाई बालबालिका सम्बन्धी ऐन, २०७५ले कल्पना गरे अनुरुपको सुविधा रहेको निगरानी कक्षमा राख्ने व्यवस्था मिलाउनू भनी नेपाल सरकार, गृह मन्त्रालयलाई लेखी पठाउनू।

३. बाल अदालतको गठन नभएसम्म बालबालिकाको सर्वोत्तम हितले प्राथमिकता पाउन नसक्ने हुँदा यथासक्य चाँडो बाल अदालतको गठन एवम् त्यसका लागि आवश्यक पूर्वाधारहरु र सुविधाहरु समेतको व्यवस्था मिलाउनू भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखी पठाउनू।

प्रस्तुत आदेशको जानकारी तथा कार्यान्वयनका लागि जिल्ला अदालतको हकमा यसै अदालतबाट जानकारी गराउनू र विपक्षी लगायत अन्य सरकारी निकायहरुको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत जानकारी गराउनू भनी आदेशको प्रतिलिपिसमेत साथै राखी उक्त कार्यालयमा पठाई दिनू। यो आदेशको प्रति विद्युतीय प्रणालीमा अपलोड गरी प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- कुलप्रसाद दाहाल

कम्प्युटरमा टाईप गर्नेः- शान्ति तामाङ्ग

ईति सम्वत् २०७७ साल असार २१ गते रोज १ शुभम् ------------------------